# कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

मञ्जु रिमाल

परीक्षा क्रमाङ्कः २८०६४४/०७३

त्रि.वि. दर्ता नं.: ९-२-२९-१९५९-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि ५४४ को पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

२०७३/2016

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

७५/०७३

– मञ्जु रिमाल

२०७३/2016

# कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

मञ्जु रिमाल
परीक्षा क्रमाङ्कः २८०६४४/०७३
त्रि.वि. दर्ता नं.: ९-२-२९-१९५९-२००८

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा अन्तर्गत
स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि ५४४ को
पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

२०७३/२०१६

नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

# प्रतिबद्धतापत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..............................

मञ्जु रिमाल

मिति : २०७३/०८/२६

Date : December 11, 2016

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र मञ्जु रिमालले मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

डा. राजेन्द्र खनाल

शोधनिर्देशक

मिति : २०७३/०९/०६

Date : December 21, 2016

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

**नेपाली भाषा शिक्षा विभाग**

कीर्तिपुर

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ शोधार्थी मञ्जु रिमालद्वारा तयार पारिएको **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृत प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ............................... |
| २. | प्रा.डा. रामचन्द्र लम्साल (शोध विशेषज्ञ) | ............................... |
| ३. | डा. राजेन्द्र खनाल (शोधनिर्देशक) | ............................... |

मिति : २०७३/०९/२५

Date : January 09, 2017

# कृतज्ञताज्ञापन

'कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली भाषा शिक्षा विभागअन्तर्गत चौथो सेमेस्टरको नेपा.शि ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको छ । शोधपत्रको शीर्षक चयन सामग्री निर्माण तथा शोधकार्य सम्पन्न गरुञ्जेल कुशल निर्देशन गर्नुहुने शोधनिर्देशक डा. राजेन्द्र खनालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यस शोधकार्यका लागि आवश्यक सहयोग पुऱ्याउने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराईप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यका लागि आवश्यक सल्लाह सुझाव दिनुहुने आदरणीय गुरु प्रा.डा. पारसमणि भण्डारीलगायत सम्पूर्ण नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । मेरो अध्ययनलाई यहाँसम्म पुऱ्याउन सदैव प्रेम, स्नेह, र आशीर्वाद दिएर पूर्ण सहयोग गर्नुहुने मेरो घरपरिवारप्रति म आजीवन ऋणी छु ।

शोधकार्य लेखनलाई सहज रूपमा अगाडि बढाउनका लागि आवश्यक सामग्री जुटाउन सहयोग गर्नुहुने कीर्तिपुर नगरपालिका प्रतिनिधि विद्यालय, सम्बन्धित विषय शिक्षक साथै सम्पूर्ण विद्यार्थीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस शोधकार्यको सिलसिलामा मलाई विशिष्ट सहयोग गर्नुहुने सहपाठी मित्रहरूप्रति म कृतज्ञ छु । शोधपत्र तयार गर्न प्राविधिक सहयोग गर्ने रामकृष्ण महर्जनलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको निम्ति नेपाली भाषा शिक्षा विभागसमक्ष प्रस्तुत गर्दछु ।

......................

मिति : २०७३/०८/२७

मञ्जु रिमाल

शोधार्थी

# शोधसार

शोध शीर्षक : कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

शोध निर्देशक : डा. राजेन्द्र खनाल

शोधार्थी : मञ्जु रिमाल

क्याम्पस/विभाग : शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली भाषा शिक्षा विभाग त्रि.वि.

शैक्षिक वर्ष : २०६३/०७४

पृष्ठ सङ्ख्या : ६६ + १९ = ८५

अध्याय सङ्ख्या : आठ

## उद्देश्य

(क) कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु,

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन र तुलनात्मक विश्लेषण गर्नु,

(ग) भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन र तुलनात्मक विश्लेषण गर्नु,

(घ) विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन र तुलनात्मक विश्लेषण गर्नु ।

## शोध प्रक्रिया

यस शोधकार्यको शीर्षक विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्र बिन्दु मानेर नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययन अनुसन्धानका लागि कीर्तिपुर नगरपालिका भित्रका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूबाट १०/१० जनाको दरले जम्मा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको छ । यसरी प्रस्तुत शोधकार्य मूलतः नमुना सर्वेक्षण र अंशतः पुस्तकालय विधिमा आधारित रहेको छ । यहाँ उपलब्ध तथ्याङ्कहरूको

वस्तुगत अध्ययनका लागि समूहगत प्रतिशताङ्क श्रेणी निर्धारण गरी मध्यमान र मानक विचलनको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमतको पहिचान गरिएको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि दुईवटा निवेदन लेखनसम्बन्धी सामग्री तयार पारी विद्यार्थीहरूलाई निवेदन लेख्न लगाइएको छ । उत्तरपुस्तिकाको मूल्याङ्कन पूर्व निर्धारित अङ्कन प्रणालीको आधारमा गरिएको छ । साङ्ख्यिकीय विधिको प्रयोग गरी विद्यार्थीहरूको निवेदन लेखन क्षमतालाई प्रतिशताङ्क मध्यमान र मानक विचलनका आधारमा व्याख्या-विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसरी तयार पारिएको शोध कार्यमा क्रमशः शोधको परिचय, पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप, अध्ययन विधि र प्रक्रिया, समग्र विद्यार्थीको निवेदन लेखन क्षमताको अध्ययन, लैङ्गिकता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृतिका आधारमा निवेदन लेखन क्षमताको अध्ययन र तुलनात्मक विश्लेषण, सारांश, निष्कर्ष र उपयोगिता गरी आठ अध्यायमा विभाजन गरिएको छ ।

**शोध निष्कर्ष**

प्रस्तुत कीर्तिपुर नगरपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन पश्चात निम्न निष्कर्ष निकालिएको छ :

१. समग्र विद्यार्थीहरूमा सबैभन्दा तल्लो श्रेणी अर्थात् ०-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी ३५ प्रतिशत र सबैभन्दा माथिल्लो श्रेणी अर्थात् ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी १९ प्रतिशत रहेको र अरु मध्यम स्तरको रहेको पाइन्छ ।

२. लैङ्गिकताको आधारमा निवेदन लेखन क्षमताको अध्ययन गर्दा ६० प्रतिशतभन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने छात्र १० प्रतिशत र छात्रा ३० प्रतिशत रहेको पाइयो । उक्त अध्ययनबाट छात्र विद्यार्थीहरूकोभन्दा छात्रा विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको देखिन्छ ।

३. भाषिक पृष्ठभूमिको आधारमा नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीको निवेदन लेखन क्षमताको तुलना गर्दा नेपाली भाषी विद्यार्थीहरू ३८ जना र दोस्रो भाषी विद्यार्थी ६२ जना रहेको पाइयो । ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने नेपाली भाषी विद्यार्थी

३१.५७ प्रतिशत र दोस्रो भाषी विद्यार्थी १९.३६ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा दोस्रो भाषी विद्यार्थीको तुलनामा नेपाली भाषी विद्यार्थीको निवेदन लेखन क्षमता राम्रो रहेको पाइयो ।

४. विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण गर्दा ६० प्रतिशतभन्दा बढी अङ्क ल्याउने सामुदायिक विद्यालयतर्फका विद्यार्थी १४ प्रतिशत र संस्थागत विद्यालयतर्फका विद्यालय ३२ प्रतिशत रहेका छन् । यसरी हेर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको निवेदन लेखन क्षमता उच्च रहेको पाइयो ।

# विषयसूची


| | | |
|---|---|---|
| | | पेज नं. |
| **अध्याय एक : शोधपरिचय** | | **१-७** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको सान्दर्भिकता र उपादेयता | ४ |
| १.५ | अध्ययनको परिसीमा | ६ |
| १.६ | शोधको रूपरेखा | ७ |
| **अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप** | | **८-३०** |
| २.१ | पुस्तकको पुनरावलोकन | ८ |
| २.२ | शोधको पुनरावलोकन | १३ |
| २.३ | सैद्धान्तिक प्रारूप | २० |
| | २.३.१ चिठीका प्रकार | २३ |
| | २.३.२ निवेदनका अङ्गहरू | २५ |
| | २.३.३ लेखाइ सिप | २७ |
| | २.३.४ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व | २८ |
| | २.३.५ लेखाइ सिप विकासमा निवेदन लेखनको स्थान | २९ |
| | २.३.६ लिखित अभिव्यक्तिको प्रयोजन | २९ |
| **अध्याय तिन : अध्ययनविधि र प्रक्रिया** | | **३१-३४** |
| ३.१ | सामग्रीका स्रोत | ३१ |
| ३.२ | जनसङ्ख्या | ३२ |
| ३.३ | समग्री सङ्कलन विधि | ३२ |
| | ३.३.१ नमुना छनोट | ३२ |
| | ३.३.२ क्षेत्रीय अध्ययन विधि | ३२ |
| | ३.३.३ सामग्री निर्माण | ३३ |
| | ३.३.४ तथ्याङ्क सङ्कलन | ३३ |
| ३.४ | विश्लेषण प्रक्रिया | ३३ |

**अध्याय चार : कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता** **३५-३८**
४.१ समग्रताका आधारमा निवेदन लेखन क्षमताको अध्ययन ३५
४.१.१ प्रतिशतका आधारमा ३५
४.१.२ मध्यमान र मानक विचलनका आधारमा ३७

**अध्याय पाँच : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता** **३९-४६**
५.१ लैङ्गिक आधारमा निवेदन लेखन क्षमताको अध्ययन ३९
५.१.१ छात्र विद्यार्थीको निवेदन लेखन क्षमताको अध्ययन ३९
५.१.२ छात्रा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन ४२
५.१.३ लैङ्गिकताको आधारमा निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन ४४
५.१.४ लैङ्गिकताको आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलना ४५

**अध्याय छ : भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता** **४७-५४**
६.१ भाषिक पृष्ठभूमिका आधारमा निवेदन लेखन क्षमताको अध्ययन ४७
६.१.१ नेपाली भाषी नेपाली विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन ४७
६.१.२ दोस्रो भाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन ५०
६.१.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली नेपाली भाषी तथा दोस्रो भाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन ५२

**अध्याय सात : विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता** **५५-६२**
७.१ विद्यालयको प्रकृतिको आधारमा निवेदन लेखन क्षमताको अध्ययन ५५
७.१.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन ५५
७.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन ५८
७.३ विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन ६०

**अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता** **६३-६६**
८.१ सारांश ६३
८.२ निष्कर्ष ६४
८.३ उपयोगिता ६५

**सन्दर्भसूची**

**परिशिष्टहरू**